# बाढी तथा मानवीय संकटसम्बन्धी दैनिक कार्य अपडेट

दैनिक अद्यावधिक | मिति: २०८३ भदौ २२ गते / 7 September 2026

## ०१ माननीय मन्त्रीज्यू र नेपाल प्रहरी साइबर ब्युरोका प्रहरी नायब महानिरीक्षकसँग छलफल

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्री श्री सिता बादीज्यू र नेपाल प्रहरीका साइबर ब्युरो प्रहरी नायब महानिरीक्षक श्री नबीन्द अर्यालज्यूबीच हालैको बाढीबाट प्रभावित महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको तस्बिरहरू इन्टरनेटमा भइरहेको दुरुपयोग नियन्त्रणका सम्बन्धमा छलफल भएको छ। माननीय मन्त्रीज्यूले बाढी प्रभावितहरूको गोपनीयता, मानवीय मर्यादा र सुरक्षाको संरक्षण तथा दुरुपयोग नियन्त्रणका लागि सम्बन्धित निकायहरूबीच आवश्यक समन्वय गरी कार्य गर्न निर्देशन दिनुभएको छ।

## ०२ विपद् प्रभावित ज्येष्ठ नागरिकको संरक्षण

**क** देवीघाट ज्येष्ठ नागरिक संरक्षण तथा अध्ययन प्रतिष्ठान, विदुर नगरपालिका-५, नुवाकोटको भवन विनाशकारी बाढीका कारणले प्रभावित तथा क्षति भएको हुँदा उक्त भवनको मिति २०८३-५-२१ गतेका दिन विभिन्न संघ संस्था/व्यक्तिहरूको संलग्नतामा पहिलो तला सरसफाइ गर्ने कार्य भएको छ। उक्त प्रतिष्ठानबाट बाढीका कारण विस्थापित भई कृष्ण प्रणामी सेवा मन्दिर नुवाकोटमा आश्रित १७ जना ज्येष्ठ नागरिकहरूको शान्ति सेवा गृह क्लिनिक तथा पुनर्स्थापना केन्द्र, तिलगंगा, काठमाडौंको समन्वयमा स्वास्थ्य परीक्षण, ल्याब परीक्षण र आवश्यक औषधी उपलब्ध गराइएको छ। साथै उक्त प्रतिष्ठानमा आश्रित मृत्यु र बेपत्ता भएका ६ जना ज्येष्ठ नागरिकको आफन्तहरूद्वारा काजकिरिया गर्न शुरू गरेको जानकारी प्राप्त भएको छ।

**ख** हालसम्म प्राप्त विवरण अनुसार बाढी प्रभावित ज्येष्ठ नागरिकहरूको विवरण देहायअनुसार रहेको छ:

| जिल्ला | उद्धार गरिएको ज्येष्ठ नागरिक | | | | जम्मा | मिति | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | महिला (नेपाली) | पुरुष (नेपाली) | महिला (विदेशी) | पुरुष (विदेशी) | | | |
| रसुवा | २९ | ३८ | ६ | ३ | ७६ | २०८३/०५/२० | जिल्ला प्रशासन कार्यालय रसुवा |
| नुवाकोट | १०५ | १०४ | - | - | २०९ | २०८३/०५/२० | जिल्ला प्रशासन कार्यालय नुवाकोट |
| जम्मा | १३४ | १४२ | ६ | ३ | २८५ | कुल उद्धार गरिएका ज्येष्ठ नागरिक संख्या | |

## ०३ भोटेकोशी बाढी प्रभावित बालबालिकाको अस्थायी संरक्षण

भोटेकोशी बाढी प्रभावित बालबालिकाको अस्थायी संरक्षणका लागि ललितपुरको गोदावरी नगरपालिका, ठेचोमा अस्थायी संरक्षण केन्द्र सञ्चालनका लागि अस्थायी संरक्षण केन्द्र सञ्चालनसम्बन्धी निर्देशिका स्वीकृत गरिएको छ। यसका साथै, अभिभावकविहीन बालबालिकाको screening का लागि तत्काल कार्ययोजना तर्जुमाको चरणमा रहेको छ।

## ०४ विपद् प्रतिकार्यका लागि हटलाइन सेवा

| १०४ | १०९८ | ११४५ | ११११५ |
|---|---|---|---|
| बालबालिका खोजतलास | बाल हेल्पलाइन | महिला आयोग (६ उद्धार फोन) | ज्येष्ठ नागरिक स्वास्थ्य |

मन्त्रालयले विपद् प्रभावितहरूको तत्काल सहयोगका लागि बालबालिका खोजतलास केन्द्रको हटलाइन नं १०४, बाल हेल्पलाइन नं १०९८, राष्ट्रिय महिला आयोगको हटलाइन नं ११४५ तथा ज्येष्ठ नागरिकको स्वास्थ्य सेवा सम्बन्धी हटलाइन नं ११११५ लाई खुला गरेको छ। जस अनुसार राष्ट्रिय महिला आयोगको हटलाइन नं ११४५ मा ६ वटा उद्धारका लागि फोन आएको र स्थानीय प्रहरी प्रशासनसँग समन्वय गरिएको छ।

## ०५ विपद् प्रभावित क्षेत्रमा विपद् प्रतिकार्य सम्बन्धित कार्य गर्नका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई सहजीकरण

| **५ वटा** | **रू. १०.२३ करोड** | **५५ नयाँ + २ संशोधन** | **रू. ५०.८१ करोड** |
|---|---|---|---|
| भाद्र २२ थप स्वीकृत परियोजना | आज स्वीकृत कुल बजेट | भाद्र १५–२२ सम्म स्वीकृत (५२ संस्था) | स्वीकृत कुल प्रतिकार्य बजेट |

विपद् प्रभावित क्षेत्रमा विपद् प्रतिकार्य सम्बन्धित कार्य गर्नका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई छोटो प्रक्रियाबाट सम्झौता गर्न मिति २०८३ असोज १५ सम्मका लागि समाजकल्याण परिषद्बाटै परियोजना सम्झौता गर्न सकिने गरी निर्णय भएअनुसार २०८३ भाद्र २२ गते थप ५ वटा परियोजना (कुल बजेट रू १० करोड २३ लाख १५ हजार ३६६) स्वीकृत गरिएको छ। यससँगै भाद्र १५ देखि २२ गतेसम्म ५२ वटा संस्थाको ५५ वटा नयाँ परियोजना स्वीकृति तथा २ वटा संस्थाको परियोजना संशोधन गरिएको छ। नयाँ परियोजना र परियोजना संशोधन गरी कुल बजेट रु ५० करोड ८१ लाख ६ हजार ८०० बराबरको परियोजना विपद् प्रभावित क्षेत्रमा कार्य गर्ने गरी स्वीकृत भएको छ।

## ०६ विपद् प्रभावितहरूलाई विपद् प्रभावित क्षेत्रमा गैरसरकारी संस्थाबाट राहत सामग्री परिचालन

| ४५ INGOs कुल राहत सहयोग | NP २४ NGOs कुल राहत सहयोग |
|---|---|
| **रू. ३७ करोड ९४ लाख ८७,९८६** | **रू. १२ करोड ९१ लाख ३४,९०२** |
| रू. ३ करोड ९९ लाख १०,५७७ PM राहत कोषमा जम्मा | रू. ७२ लाख ७२,४२५ PM राहत कोषमा जम्मा |

**क** समाज कल्याण परिषद्ले प्रेस विज्ञप्ति जारी गरी बाढी पीडित तथा प्रभावित व्यक्तिहरूको उद्धार, राहत वितरण र मानवीय सहयोगका क्रममा पीडितहरूको आत्मसम्मान, मर्यादा र गोपनीयताको सम्मान गर्न अनुरोध गरेको छ। साथै, पीडितको अनुमति बिना फोटो/भिडियो खिच्ने तथा धार्मिक वा व्यावसायिक प्रकृतिका फोटो, लोगो, सन्देश वा प्रचारात्मक सामग्री प्रयोग/प्रकाशन नगर्न सम्बन्धित सबैलाई आग्रह गरिएको छ।

**ख** **अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त सहयोग:** ४५ INGOs बाट कुल रू. ३७ करोड ९४ लाख ८७,९८६ राहत सामग्री तथा नगद रू. ३ करोड ९९ लाख १०,५७७ PM कोषमा जम्मा भएको छ। प्रमुख वितरण सामग्रीहरू:

- **खाद्यान्न तथा पोषण** ३०.४ टन चामल, ४,८२० केजी दाल, ७,१०० लि. तेल, १८०० कार्टुन RUTF, १,२४० खाद्यान्न बास्केट, ६,२०० ORS र २ होल्डिङ सेन्टरमा सामुदायिक भान्छा।
- **आवास र पुनर्स्थापना** २,२७० शेल्टर किट, २७० CARE किट, २,७४६ त्रिपाल, ३,४८२ कम्बल, २,७९० स्लिपिङ म्याट, १,३४० भाँडाकुँडा सेट र ३९ पारिवारिक पाल।
- **WASH र स्वास्थ्य** ५,६१५ हाइजिन/मर्यादा किट, ११,७०० डाइपर, १,७६० प्याकेट सेनेटरी प्याड, ६४० पानी शुद्धीकरण सामग्री, २,२१० सेट पोशाक र ७५५ जोडी जुत्ता-चप्पल।
- **ऊर्जा तथा संरक्षण** १६ जेनेरेटर (नुवाकोट अस्पताल र सेनासहित), ४७५ सोलार बत्ती, अस्पताल औषधि, १० बालमैत्री स्थान (CFS) र १,००० जनालाई मनोसामाजिक परामर्श।

**ग** **राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त सहयोग:** २४ NGOs बाट कुल रू. १२ करोड ९१ लाख ३४,९०२ सहयोग तथा नगद रू. ७२ लाख ७२,४२५ PM राहत कोषमा जम्मा भएको छ। प्रमुख वितरण सामग्रीहरू:

- **खाद्यान्न सहायता** ४१५ बोरा चामल, १,५५० केजी दाल, १,१४० केजी चिउरा, ५४० लि. तेल, २०० केजी सोयाबिन, मसला, बिस्कुट र २०० कार्टुन चाउचाउ।
- **आवास र प्रविधि** १,००० डबल कम्बल, ८०० झुल, ८ टेन्ट, २०० रेनकोट, १,१५२ गमबुट, ५० सोलार लाइट, ५० टर्च र १ थान DJI ड्रोन।
- **WASH र स्वास्थ्य** ४०० प्याकेट सेनेटरी प्याड (६,००० थान), ८०० साबुन, १,५०० टुथब्रस, २०० बाल्टी, रू. १५.२५ लाख औषधि, १ लाख मेडिकल ग्लोब्स र ३० फर्स्ट एड किट।
- **शिक्षा र बाल संरक्षण** अस्थायी सिकाइ केन्द्रहरू (TLC) र सुरक्षित स्थान (Safe Spaces) स्थापना, शैक्षिक सामग्री, स्टेसनरी र विद्यालय पोशाक/जुत्ता वितरण।